संवाहक : मानव अधिकार शोध-पत्रिका (२०२६), अङ्क २६, १-२८

# वेद र वैदिक दर्शनमा मानव अधिकारका बीजतत्त्व

**रवीन्द्र भट्टराई**[1]

इमेल : bhrabindra@gmail.com

Bhattarai, R. (2026). वेद र वैदिक दर्शनमा मानव अधिकारका बीजतत्त्व . *Sambahak: Human Rights Journal*, *26*(1), 1–28. https://doi.org/10.3126/sambahak.v26iI.96237

***सार-सङ्क्षेप***

*नेपाल र दक्षिण एसियाली मुलुकहरूमा आमरूपमा मानव अधिकारलाई पश्चिमी मुलुकहरूबाट प्रेरित 'पराइ अवधारणा' मानिने गरेको छ। यस मान्यताले नेपालका विशेषतः कानुन तथा न्याय, सार्वजनिक क्षेत्र र राजनीतिक वृत्तका पढालेखा भनिएकै मानिसहरूका बुझाइ र विश्वासमा बलियो घर जमाएको छ। यस यथार्थले 'मानव अधिकारको अवधारणा साँच्चै पाश्चात्य सभ्यता र सामाजिक चिन्तनको उपज हो कि पौरस्त्य दर्शन, चिन्तन र मूल्यमान्यता पनि मानव अधिकारका प्रतिमानी बीजतत्त्व छन्?' भन्ने प्रश्न खडा गरेको छ। यस प्रश्नको निरूपणार्थ यो आलेखमा वैदिक वाङ्मय र दर्शनमा रहेका 'मानव अधिकार' अवधारणागत प्रमुख बीजतत्त्वका बारेमा एकसरो परिशीलन गर्ने जमर्को गरिएको छ। विश्वव्यापी अन्तर्राष्ट्रिय कानुनद्वारा सुरक्षित मौलिक स्वतन्त्रता र अधिकारको समुच्चय मानव अधिकार हो। यसको संरक्षण र प्रचलन गर्ने अभिभारा राज्यको भएता पनि यो पश्चिमी उपज वा आदर्श हो भन्ने गलत बुझाइका कारण यसको कार्यान्वियन कमजोर छ। यस परिशीलनले यस्तो बुझाइलाई चुनौती दिन्छ र वेद तथा वैदिक वाङ्मयमा उपलब्ध समानता 'वसुधैव कुटुम्बकम्', अहिंसा "जीवनको अधिकार", न्याय "तर्क र प्रमाणद्वारा सत्यनिर्णय" र कल्याण "सर्वे भवन्तु सुखिनः" जस्ता अवधारणा र प्रतिमानहरू विश्वमानव अधिकारको अवधारणाका बीजतत्त्वका आधार पौरस्त्य दार्शनिक धरातलमा रहेको तथ्यलाई तुलनात्मक रूपमा विश्लेषण गर्छ। यस परिशीलनले वेद र पौरस्त्य दर्शनहरूमध्ये पनि वैदिक दर्शनले मानव अधिकार सादृश्य अवधारणालाई सामाजिक मानवीय आचरणका प्रतिमानका रूपमा के-कसरी स्थापित गरेका छन् भन्ने कुराको वर्णन र मीमांसा गरेको छ।*

***प्रमुख शब्दकुञ्जीहरू:*** न्याय, पाश्चात्य दर्शन, पौरस्त्य दर्शन, मानव अधिकार, वैदिक वाङ्मय, षड्दर्शन

[1]अधिवक्ता, सर्वोच्च अदालत बार एसोसिएसन

## परिचय

प्राकृतिक र सामाजिक तथ्यका धरातल र वैधानिक सामाजिक प्रतिमान रूपमा मानव अधिकारलाई वैश्विक मान्यता प्राप्त छ। अन्तर्राष्ट्रिय कानुनद्वारा प्रत्याभूत अधिकार र मौलिक स्वतन्त्रताको समुच्चय *मानव अधिकार* आफैमा विधान हो; कानुन र न्यायको आधार हो। आफ्ना नागरिकहरूका मानव अधिकारको रक्षा गर्नु राष्ट्रहरूको मूल अभिभारा हो। यसो भए तापनि मानव अधिकार कार्यान्वयन गर्नमा धेरै राष्ट्रहरूको प्रतिज्ञा अद्यापि देखावटी मात्रै छ। राष्ट्रहरूका मानव अधिकार रक्षा गर्ने र कार्यान्वयन गर्ने संयन्त्रहरू मानव अधिकारप्रति प्रायः उदासीन छन् र विश्वभर मानव अधिकारको उल्लङ्घन र अवज्ञाका शृङ्खला जारी छन्। धेरै देशमा मानव अधिकार वास्तविक सङ्कल्पका रूपमा क्रियान्वित हुन बाँकी छ। नेपाल पनि तिनैमध्येको एउटा मुलुक हुनाले नेपालको राज्यसंयन्त्र यहाँका नागरिकका मानव अधिकारप्रति यथार्थमै उदासीन छ। नेपाली नागरिकहरू मानव अधिकारको उल्लङ्घन, उपेक्षा र तिरस्कारका शृङ्खलाका सिकार हुँदै आएका छन्।

नेपालको राजनीतिक तथा कानुनी प्रणाली र राज्यव्यवस्थाले मानव अधिकारलाई आदर्शतः राष्ट्रिय कानुनको स्रोत र अन्तर्राष्ट्रिय उत्तरदायित्वका रूपमा स्वीकार गरेको छ तथापि नेपाली समाजमा भने अधिकार र मानव अधिकारको बुझाइ यस अवधारणा विपरीत छ। नेपालमा अधिकारहरूका रूपमा मानव अधिकारको जुन चर्चा हुन्छ, त्यो यसको वास्तविक अवधारणा, मूल्य र मान्यताका आन्तर्यअनुरूपको स्पष्टतासाथ होइन अस्पष्टता र राजनीतिक स्वार्थी भाष्य गरिने विषयका रूपमा ग्रहण हुँदै आएको छ। नेपाली समाज र नेपालको राज्यसंयन्त्रमा रहने अधिकारीहरूले मानव अधिकारलाई प्रमुख रूपमा निम्न दृष्टिकोणका साथ अर्थ्याउने गरेका छन्:

(१) नागरिकले राज्यबाट शासित हुनुपर्छ। नागरिकहरू राज्य वा शासकका विषय हुन्। निर्वाचित सरकार र तिनका मातहतको कर्मचारीतन्त्रले शासनाधिकारी हैसियतले गरेका कामकारबाही मानव अधिकार प्रतिमान विपरीतै भए पनि वैध हुन्छन् र ती मानव अधिकारको उल्लङ्घन वा अवज्ञा होइनन्।

(२) मानव अधिकार एक आदर्श र बौद्धिक छलफलसम्म गर्ने विषय हो। आर्थिक हैसियत कमजोर भएको हाम्रो मुलुकको सरकार (विधायिका, कार्यपालिका र न्यायपालिका) ले नागरिकका सबै मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्न सक्दैन। वैदेशिक अनुदान र ऋणप्राप्तिको सहज वातावरणका लागि मात्र मानव अधिकार अन्तर्राष्ट्रिय कानुनलाई मुलुकले अङ्गीकार गरिएको हो। राज्य वा सरकारका प्राथमिकता भनेका भौतिक विकास हुन्, नागरिकका मानव

अधिकार गौण कुरा हुन्। संविधानसभाबाट २०७२ सालमा संविधान जारी भएपछि नेपालमा मानव अधिकारका मुद्दा बाँकी छैनन् र मानव अधिकार हनन् र अवज्ञाका घटना भएका छैनन्। सङ्क्रमणकालीन न्यायको शिथिलीकरणसँगै नेपालमा मानव अधिकारका मुद्दा टुङ्गिन्छन्।

(३) मानव अधिकारको अवधारणा हाम्रा पौरस्त्य चिन्तन परम्परामा रहेको वा भएको विषय नहुँदा हाम्रो मौलिक सभ्यता, संस्कृति र परम्पराका मूल्यमान्यतासँग मानव अधिकारका अवधारणाले मेल खाँदैनन्।

(४) मानव अधिकार पश्चिमी जगत्को उपज हो र पाश्चात्य सभ्यताका मूल्यमान्यता नै मानव अधिकारको मूलभूत अवधारणा हुन्।

यी माथिका मध्ये पहिला दुई दृष्टिकोण, बुझाइ वा मान्यताका सत्यतथ्यको परीक्षण गर्नका लागि अनुभव आश्रित अनुसन्धान नै आवश्यक हुन्छ। यस शोधलेखको उद्देश्य चाहिँ तेस्रो र चौथो प्रकथन (प्रोपोजिसन) को निदर्शनात्मक परीक्षण र परिशीलन गर्नु हो। यसैले यस लेखको उद्देश्य मानव अधिकार पाश्चात्य चिन्तन परम्परामात्रको उपज हो वा हैन र पौरस्त्य दर्शनहरूमध्ये वैदिक चिन्तन तथा दर्शनपरम्परामा पनि मानव अधिकारका अवधारणागत प्रतिमानी बीजतत्त्व छन् कि छैनन् भन्ने कुरा ठम्याउनमा सीमित रहेको छ।

**मानव अधिकार के हुन्** ?

मानवका रूपमा अस्तित्वमा रहँदा हामीसँग अभिन्न रहने हाम्रा शारीरिक-मानसिक, भौतिक-आध्यात्मिक भलाइहरू नै मानव अधिकार हुन्। यी राज्यले हामीलाई दिएका होइनन्, हामीमै अन्तर्निहित मौलिक हित र स्वतन्त्रता हुन्। यिनमा खाना, शिक्षा, काम, स्वास्थ्य र स्वतन्त्रताजस्ता बाँच्न चाहिने अधिकारदेखि जीवनलाई सार्थक बनाउनेसम्मका सबैभन्दा आधारभूत कुरा पर्दछन् (ओएचसिएचआर, २०२५)।

हामी मानिस केवल जैविक जन्तुमात्र होइनौँ, नैतिक र आध्यात्मिक मानव प्राणी पनि हौँ। यही तथ्यले मानव अधिकार मानिसमात्रमा विद्यमान भएका हुन्। गरिमामय मानवयोग्य जीवन बिताउन सक्ने गरी प्रत्येक व्यक्तिको मानवताको रक्षा गर्न र कायम राख्न मानव अधिकार आवश्यक छ। कुनै पनि मानिस मानव अधिकारविहीन हुँदैन। त्यसैले बालबालिका, महिला-पुरुष, शरणार्थी तथा राज्यविहीन व्यक्तिहरू, आतङ्ककारी कार्य गरेको आरोप लागेका व्यक्तिदेखि लिएर अपराधी

ठहरेसम्मका सबै उमेर, वर्ण, लिङ्ग, क्षेत्र, जाति, उत्पत्ति, विश्वास, आस्था, धर्मका मानिसहरू सबैको मानव अधिकार हुन्छ। यस्तो किन हो भने अपराधी हुन् कि राष्ट्रप्रमुख सबै मानव हुन्।

मानव गरिमाका प्रयोजनमा सबैले सबैलाई अधिकारका मामलामा समान रूपमा व्यवहार गर्ने तथ्यमा नै मानव अधिकारको शक्ति निहित हुन्छ। केही मानिसले अरूका अधिकार उल्लङ्घन गरेका हुनाले समाजका लागि खतरा हुन सक्छन्, त्यसैले अरुको रक्षा गर्नका लागि उनीहरूका स्वतन्त्रताका अधिकारलाई केही तरिकाले निश्चित तहसम्म सीमित गर्न आवश्यक भए पनि कुनै पनि मानिस मौलिक मानव अधिकारशून्य हुँदैन र कानुनले मानिसलाई मानव अधिकारशून्य बनाउँदैन र बनाउन पनि हुँदैन। मानव अधिकार व्यक्तिले आफ्नो नैतिक क्षेत्र र मौलिक गरिमाको उल्लङ्घन गर्न पाइन्न भनेर आफ्नै सरकारसँग दाबी गरिने नैतिक हकदाबी हुन्। कुनै पनि व्यक्ति वा सरकारले हाम्रा मानव अधिकार खोस्न पाउँदैनन् (सिओइ, २०२५)।

मानव अधिकार सबै ठाउँ र सबै समयमा सबैका लागि विनाभेदभाव लागु हुन्छन्। यिनीहरूलाई खोस्न वा हरण गर्न पाईँदैन किनभने यिनीहरू अहरणीय (इनएलाइनेवल) छन् । यी अधिकार र स्वतन्त्रताहरू आपसमा अविभाज्य र अन्तरनिर्भर छन् (ओएचसिएचआर, २०२५)। मानव अधिकारले गौरव, निष्पक्षता, समानता र सम्मानजस्ता मुख्य सामाजिक मूल्यहरूलाई मूर्तता दिन्छन्। यस अर्थमा मानव अधिकार प्रत्यक्ष प्रतिमान हुन् । यी सधैं मापनीय र व्यवहारबाट अनुभूत हुन्छन्। मानव अधिकार आदर्श मान (आइडियल स्ट्यान्डर्ड) होइनन्, यी वास्तविक प्रतिमान (रियल नर्म्स) हुन्।

सारतः व्यक्तिमा अन्तर्निहित जीवन, मर्यादा, समता र स्वतन्त्रताको स्वरूपका हितहरू नै मानव अधिकार हुन्। वैधानिकता (कानुनी आधार), सर्वग्राह्यता (नैतिक आधार) र व्यावहारिक प्रचलन (इन्फोर्समेन्ट) का आधारमा मानव अधिकार मूर्त र सार्थक हुन्छन्। विश्वव्यापी रूपमा मान्यता प्राप्त हरेक व्यक्तिमा अन्तर्निहित अधिकार र मौलिक स्वतन्त्रताका समुच्चयलाई मानव अधिकार भनिएको हो। मानव अधिकार अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनद्वारा सुरक्षित र संरक्षित छन्।

अधिकारले व्यक्तिलाई गरिमामय जीवनयापन गर्न सक्षम बनाउँछ। यसको संरक्षणका लागि कानुनले औपचारिक ढाँचा प्रदान गर्दछ भने न्याय प्रणालीले यसको अनुपालना सुनिश्चित गर्छ। कानुन अधिकारको आधार हो, न्याय यसको रक्षाकवच हो। जब कानुनले अधिकारको परिभाषा गर्दछ, तब न्यायप्रणालीले अधिकारको साक्षात्कार वा प्रचलन सुनिश्चित गर्छ अनि उल्लङ्घन रोक्नका लागि मध्यस्थ भएर हस्तक्षेप गर्दछ। यी तीनै एकअर्काका पूरक हुन् - अधिकारविना कानुन निरर्थक छ, कानुनविना न्याय असम्भव छ र न्यायविना अधिकारको जीवन्तता असम्भव छ। कानुनले

वितरणात्मक र परिपूरणात्मक (रिपरेटिभ/रेस्टोरेटिभ) दुवै न्यायप्रणालीअन्तर्गतका अधिकार किटान गर्दछ र न्यायपद्धतिद्वारा तिनको प्रत्यक्षीकरण भएमा मात्रै नाम दिइएको कुनै पनि अधिकार खास अधिकार हुन्छ। अधिकार कुनै अनुकरणीय सिद्धान्त मात्र नभएर प्रत्यक्ष उपभोग वा व्यवहारमै साक्षात् भएमा मात्रै सिद्ध र सार्थक हुन्छ।

अधिकार प्रत्येक व्यक्तिका गरिमामय जीवनयापनका आधार हुन्। मानव अधिकार नैसर्गिक वा प्रकृतिप्रदत्त मर्यादापूर्ण जीवन, समानता र मौलिक स्वतन्त्रताहरूको समुच्चा संरक्षण हो। निर्विभेद वा भेदभावमुक्त प्रचलनशीलता, सर्वव्यापकता, अविभाज्यता र अन्तरनिर्भरता (नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पारस्परिक आसन्नता), अन्तर्निहितता, अपरिहार्यता मानव अधिकारका मुख्य विशेषता, गुण र पहिचान हुन्।

**मानव अधिकार : अधिकार र अभिभारा दुवै**

सबै राज्यहरूले नौ वटा मुख्य मानव अधिकार महासन्धिहरूमध्ये कम्तीमा कुनै एक र नौ वटा वैकल्पिक उपलेखमध्ये कुनै एकलाई अनुमोदन गरेका छन्। संयुक्त राष्ट्रसङ्घका सदस्य रहेका ८० प्रतिशत राज्यहरूले चार वा चारभन्दा बढी यस्ता अध्यालेखको अनुमोदन/सम्मिलन गरेका छन्। यसको अर्थ अन्तर्राष्ट्रिय कानुनअन्तर्गत सदस्य राष्ट्रहरूले मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने अभिभारा र कर्तव्यहरू विश्वसामु सकारेका छन्।

*सम्मान गर्ने अभिभारा*अन्तर्गत राज्यहरूले मानव अधिकारको उपभोगमा हस्तक्षेप गर्न वा कटौती गर्नबाट टाढा रहनुपर्छ। संरक्षण गर्ने अभिभाराअन्तर्गत राज्यहरूले व्यक्ति र समूहहरूलाई मानव अधिकारको हनन् वा दुरुपयोग हुनबाट जोगाउनु आवश्यक छ। परिपूर्ति गर्ने अभिभाराअन्तर्गत राज्यहरूले आधारभूत मानव अधिकारहरूको उपभोग र प्रचलनलाई सहज बनाउन सकारात्मक पाइला चाल्नुपर्छ (ओएचसिएचआर, २०२५)। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २९ ले के पनि स्पष्ट पारेको छ भने प्रत्येक व्यक्तिका "समुदायप्रतिका कर्तव्यहरू छन्" र "आफ्ना अधिकार र स्वतन्त्रताको अभ्यास गर्दा अरुका अधिकार र स्वतन्त्रताप्रति पनि आदर गर्ने र मान्यता दिने र ... नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणका लागि आवश्यकता पूरा गर्ने उद्देश्यले कानुनद्वारा कायम गरिएका सीमा"भित्र रहेर कर्तव्य पनि पूरा गर्नुपर्छ (अजर, २०६५, पृ. १०)।

मानिस/मानिसहरू मानव अधिकारका धारक हुन्छन्; तिनका अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने अभिभारा राज्यको हुन्छ। राज्यको कुनै पनि निकायमा काम गर्ने वा राज्यशक्तिको प्रयोग गर्ने व्यक्ति मानिस नै हुन्छ। त्यसबेला ऊ कानुनी व्यक्ति बनेर राज्यका विषयवस्तु

(स्वतन्त्रता/सेवा/सुविधा) प्रयोग गर्छ तर उसका प्राधिकारहरू नागरिकका मानव अधिकार (सार्वजनिक हित)का अधीनस्थ रहन्छन्। उदाहरणका लागि, शिक्षाको अधिकारमा विद्यार्थी अधिकारधारक हुन्, सरकार दायित्व निर्वाहकर्ता हो, शैक्षिक सरसुविधा विषयवस्तु हुन्, र राज्यको आर्थिक क्षमता सीमाकारक तत्त्व हो। अधिकार वा मानव अधिकारको यो अवधारणागत संरचना केवल आदर्श कल्पना होइन; वास्तविक सङ्कल्पमा आधारित प्रत्यक्ष र जीवन्त कार्यढाँचा पनि हो।

### मानव अधिकारको दार्शनिक प्रतिमान मानिएका पाश्चात्य पृष्ठाधार

नेपाली भाषा-वाङ्मयमा 'मानव अधिकार' शब्द कानुनी अवधारणाका रूपमा प्रचलित छ। यसलाई कानुनी रूपमा पनि वैश्विक आदर्श प्रतिमान (आइडियल नर्म्स) स्वीकार गरिएको छ। मानव अधिकार अङ्ग्रेजी भाषाको 'ह्युमन राइट्स' भन्ने पदावलीको समानार्थी अवधारणागत शब्द हो जसमा दुइवटा शब्द छन् : 'ह्युमन' र 'राइट'।

'ह्युमन' शब्दको व्युत्पत्ति ल्याटिन शब्द 'ह्युमानिटाज' बाट भएको मानिन्छ जसको अर्थ "मानवप्रकृति" वा "करुणावाला" हो र जुन प्रोटो-इन्डो-युरोपियन मूल धर्ती/पृथ्वीवासी ("धर्तीवासी"/dhghem) बाट आएको हो। विशेषणका रूपमा 'ह्युमन' शब्दको अर्थ मानवजातिसँग सम्बन्धित वा विशेषता भएको, ईश्वर, जनावर वा मेसिनको विपरीत विशेषता भएको भन्ने हुन्छ। नामका रूपमा यो शब्दले दुई खुट्टाले हिँड्ने स्तनधारी प्राणी (होमो सेपियन्स) वा व्यक्तिलाई चिनाउँछ। होमो को अर्थ मानवप्राणी भन्ने हो भने सेपियन्सले बुद्धिवाला वा बुद्धिमान् भन्ने जनाउँछ।

अर्को 'राइट' शब्द प्रोटोजर्मनिक स्रोतको ऋतन् (Rehtan) बाट व्युत्पन्न पुरानो अङ्ग्रेजी 'रिह्त' (Riht/Reht) को तद्भव रूप हो, जसको अर्थ सुरुमा गलत (रङ) को विपरीत शक्ति (माइट) थियो भने अहिले "नैतिक रूपमा सही कुरा, कर्तव्य, दायित्व" भन्ने हुन्छ। यसले "आचरणको नियम, देशको कानुन" साथै "कसैले पाउनुपर्ने कुरा, उचित दाबी, प्राप्त गर्नुपर्ने कुरा, न्यायोचित व्यवहार" लाई पनि जनाउँछ। यसका अतिरिक्त, यसले "सहीपन, सत्य" र "कानुनी हकलाई पनि जनाउँछ। यसलाई "सही कार्य, राम्रो काम" वा "न्यायपूर्ण वा सत्य कुरा" का रूपमा पनि लिइन्छ।

अङ्ग्रेजी भाषामा 'ह्युमन राइट्स' पदावली कसले टक मारेको हो वा यसको प्रवर्तक को हो भन्ने कुरा अज्ञात नै भए पनि यसका अवधारणाका जरा भने प्राचीन पाश्चात्य सभ्यता र दर्शनमा रहेको मानिन्छ। Sutto (2019) का अनुसारः

> मानव अधिकारको उद्गम ५३९ ईसापूर्वमा साइरस द ग्रेटका सेनाहरूले बेबिलोन कब्जा गर्दा भएको मानिन्छ। साइरसले दासहरूलाई मुक्त गरे, सबै मानिसहरूलाई आफ्नै धर्म रोज्ने अधिकार छ भनी घोषणा गरे र जातीय समानता स्थापना गरे। यी र अन्य सिद्धान्तहरूलाई माटोले बनेको एउटा बेलनाकार वस्तु (साइरस सिलिन्डर)मा उत्कीर्ण गरिएको थियो। मानव अधिकारको विश्वव्यापी घोषणापत्रका पहिला चार धाराहरूका लागि यिनले प्रेरणाको रूपमा काम गरेको मानिन्छ (पृ. १८)।

मानव अधिकारको दार्शनिक पृष्ठाधार पाश्चात्य सभ्यता र संस्कृति हो भन्ने मान्यता राख्नेहरू मानव अधिकारको अवधारणाको उद्गम स्टोइक्स (Stoics) को सिद्धान्तसँग घनिष्ट रहँदै प्राचीन ग्रीस र रोममा भएको मान्दछन्। मानवव्यवहारलाई प्रकृतिको नियमअनुसार जाँच्नुपर्ने र त्यसैअनुसार सामञ्जस्यमा ल्याउनुपर्ने दृष्टिकोण वा अवधारणा सोफोक्लेस (Sophocles) को 'एन्टिगोन' नामक नाटकमा बिम्बित रहेको मानिन्छ। यस्तो पृष्ठभूमिमै रोमन कानुनले पनि प्राकृतिक कानुनको अस्तित्वलाई स्वीकार गऱ्यो र राष्ट्रहरूको कानुन/'जस जेन्टियम' (Jus gentium) अनुसार नागरिकताको अधिकारभन्दा बाहिर पनि केही विश्वव्यापी अधिकारहरू हुन्छन् भन्ने मान्यो। रोमन न्यायविद् अल्पियन राज्यले होइन प्रकृतिले नै सबै मानवलाई सुनिश्चित गर्ने कुरालाई प्राकृतिक कानुन हो भन्छन्। यसो भए पनि प्राकृतिक कानुन प्राकृतिक अधिकारसँग जोडिन मध्ययुगपछि मात्र सम्भव भयो (Weston, 2025)।

कर्तव्यको शास्त्रीय अवधारणाका व्यतिरेकमा प्राकृतिक अधिकारको रूपमा मानव अधिकारका अवधारणा निश्चित आधारभूत सामाजिक परिवर्तनहरूद्वारा सम्भव भयो। तेह्रौं शताब्दीतिर युरोपेली सामन्तवादको पतनसँगै बिस्तारै सुरु भएको परिवर्तनको सिलसिला वेस्टफेलियाको सन्धि (१६४८) सम्म जारी रह्यो। धार्मिक असहिष्णुता, राजनीतिक र आर्थिक बन्धनको विरोध; प्राकृतिक कानुनअन्तर्गत दायित्व पूरा गर्न शासकहरूको स्पष्ट असफलता; र व्यक्तिगत अभिव्यक्ति र सांसारिक अनुभवप्रति अभूतपूर्व प्रतिबद्धता जनाउँदो पुनर्जागरणले प्राकृतिक कानुनको अवधारणालाई अधिकारमूलक बनाउनमा सघाए। एक्विनास र ह्युगो ग्रोटियसका शिक्षा, म्याग्ना कार्टा (१२१५) देखि इङ्लिस बिल अफ राइट्स (१६८९) जस्ता कुरा यस परिवर्तनका सूचक थिए।

युरोपमा ज्ञानोदय वा प्रबोधनकालीन (इन्लाइटनमेन्ट एरा) दार्शनिकहरूले यसको अवधारणालाई व्यक्तिको केन्द्रीयतालाई 'प्राकृतिक हैसियत' सम्बन्धी सिद्धान्तहरूबाट लिएका थिए। सामाजिक अनुबन्धनवादी जीन-ज्याक रुसोले जन्म वा हैसियत जेसुकै भए पनि राज्यका अधिकारलाई अधिकतम

उपयोग गर्ने प्रत्येक व्यक्तिमा अन्तर्निहित क्षमतामा आधारित प्राकृतिक अधिकारहरू मानेका थिए। उनले आफ्नो 'एसे अन द ओरिजिन अन इनइक्वालिटी अमङ मेन' निबन्धमा "सुविधासम्पन्न व्यक्तिहरूले अनावश्यक रूपमा आफ्नालाई थुपार्ने र अभाव झेलिरहेकाहरूलाई बाँच्नै धौधौ हुने अवस्था ... स्पष्ट रूपमा प्रकृतिको नियमको विपरीत हो" (डी. जी. एच. कोल अनुवाद, मार्क्सिस्ट, २०२५ मा उद्धृत) भनेका छन्। विश्वव्यापीकृत मानव व्यक्तिको अवधारणा इमानुएल कान्ट, जोन लक, थोमस पेन र अमेरिकी स्वतन्त्रताको घोषणापत्र (१७७६) र फ्रान्सेली मानव तथा नागरिक अधिकारको घोषणापत्र (१७८९) का लेखकहरूका राजनीतिक चिन्तनमा प्रतिविम्बित भएको थियो। पश्चिमेली जगत्का लागि, वैज्ञानिक विधिको पुष्टि र मानवप्रगतिको विश्वासको प्रतिनिधित्व ज्ञानोदयकालबाटै हुन थाल्यो। सरकारहरूको वैधानिकता र मानिस/नागरिकका स्वतन्त्रता र समानतालाई परिभाषित र निर्धारित गर्दै मानव अधिकारको अवधारणालाई यसैले सूत्रबद्ध गर्न थालेको पाइन्छ।

कार्ल मार्क्स र धेरैजसो समाजवादी चिन्तनले व्यक्तिगत मानव अधिकारको सीमित व्याख्याको "बुर्जुवा" चरित्रमाथि प्रश्न उठाएसँगै सामुदायिक हित र समतावादी मूल्यमान्यताले यस अवधारणाभित्र ठाउँ लिँदै गए (मार्क्सिस्ट, २०२५)। यसै मेसोमा राजनीतिक उदारवाद र लोकतान्त्रिक समतावादबीच, लक र रुसोबिच, स्वतन्त्रता र समानताबीच, नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबीचका अन्तरविरोध वा तनाब अद्यापि पाश्चात्य दार्शनिक र राजनीतिक अस्पष्टताको अंश बनेका छन्। यिनै पृष्ठभूमिमा पश्चिमेली जगत्ले मानव अधिकारको अवधारणालाई आफ्नो औद्योगिक क्रान्ति र ज्ञानोदयकालको उपज मान्दै आएको छ। तथापि, मानव अधिकारको आधुनिक बुझाइ सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको विश्वव्यापी घोषणापत्र अवलम्बन गरेपछि मानव अधिकारको अवधारणाले वैश्विक मान्यता पाएको भन्ने कुरा पश्चिमेली समाजले पनि मान्दै आएको छ।

## पौरस्त्य दर्शनमा मानव अधिकार-बीजतत्त्वको खोजीको आवश्यकता

मानव अधिकारको अवधारणालाई पाश्चात्य सभ्यतामात्रको उपज ठान्ने मान्यताले पौरस्त्य सभ्यताले यसका अवधारणागत विकासमा पुऱ्याएको योगदानको न्यून आकलन र अपमान गर्न पुग्छ। यतिमात्र होइन, यस्तो मान्यताले "सबै मानव अधिकारहरू 'विश्वव्यापी', 'अविभाज्य', 'अन्तरनिर्भर' र 'अन्तरसम्बन्धित' हुन्" (ओएचसीएचआर, १९९३, पृ. ३) भन्ने वैश्विक स्वीकृतिकै खण्डन गरी यसको प्रतिष्ठालाई गौण, अस्पष्ट र निस्तेज बनाइदिन्छ। अतः मानव अधिकारको अवधारणासम्बन्धी पश्चिम-

केन्द्रित दृष्टिकोणलाई चुनौती दिँदै मानव अधिकारका सार्वभौम सिद्धान्तहरूको निर्माण र विकासमा पौरस्त्य दर्शन र चिन्तनपरम्पराको केकस्तो भूमिका र प्रभाव छ भन्ने शोधखोज हुन आवश्यक छ।

पौरस्त्य सभ्यताका मूल भूमि नेपाल, भारत र चिनजस्ता मुलुकमा विशेषतः कन्फुसियाली र ताओयाली चिनमा; वैदिक (सनातन शैव, शाक्त र वैष्णव), जैन र बौद्ध भारतमा; र बौद्ध, पोन/बोन, किरात, वैदिक (सनातन शैव, शाक्त र वैष्णव) सांस्कृतिक मूल्यमान्यता (एसियन एकेडेमी, २०१९, पृ. ७) बोकेका आचारप्रणाली नेपालमा सामाजिक व्यवस्थाका रूपमा अवलम्बित छन् (भट्टराई, २०८०, पृ. १६)। यी पौरस्त्य सभ्यताका प्राचीन ग्रन्थ, दर्शन र जीवनशैलीमा मानव अधिकारका आधारभूत अवधारणा पहिलेदेखि नै स्थापित हुँदै आएका थिए। यसैले पौरस्त्य दर्शनहरू विशेष गरी वैदिक, बौद्ध, जैन र चिनियाँ दर्शनहरूमा मानव अधिकारका अवधारणा विकसित भएका आधारहरूको मीमांसा गर्न सकिन्छ। नेपाल,चीन र भारत तथा यी मुलुकपूर्वका भूमिमा विस्तीर्ण सभ्यता र संस्कृतिमा छाएको पौरस्त्य दर्शनको दायरा विस्तृत र व्यापक छ। पौरस्त्य दर्शनका सबै वाङ्मयको अवलोकन र समीक्षा यति सानो अध्ययनबाट सम्भव छैन। यसैले वैदिक दर्शनमा यो अध्ययन सीमित छ।

## वैदिक वाङ्मय र दर्शन

पौरस्त्य चिन्तनप्रणालीद्वारा निसृत दार्शनिक चेतनालाई वैदिक र अवैदिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ। पौरस्त्य ज्ञानविज्ञान परम्पराको एउटा फाँट वैदिक वाङ्मय हो, जुन यसको आदिकालबाटै श्रुतिस्मृतिद्वारा कथ्य स्वरूपमा बहँदै आयो। पछि लिपिको विकाससँगै लेख्य रूपमा अभिलिखित हुँदै आयो। अतः वेद (श्रुतिसंहिता), उपनिषद् (ब्राह्मण/आरण्यकसहित), सूत्रहरू वैदिक वाङ्मयका मूल स्रोत हुन्।

पहिले श्रुतिका नामले चिनिने वेदलाई पनि प्रारम्भमा वेदमात्र, त्यसपछि वेदत्रयी (ऋग्वेद, सामवेद र यजुर्वेद) भनिँदै आयो। वेदव्यास (कृष्ण द्वैपायन) ले यी तीन र अथर्ववेद गरी विभाजन गरेपछि वेदलाई चतुर्वेदका रूपमा चिनिन्छ। यी सबै आधारमा पहिलो वा सर्वप्राचीनचाहिँ ऋग्वेदलाई मानिन्छ। श्रुति वा संहिताका नामबाट पनि चिनिने वेदको दार्शनिक पक्षको वर्णन "ब्राह्मण, आरण्यक र उपनिषद्" (ढुङ्गाना, २०७८, पृ. ११५७) मा पनि गरिएको पाइन्छ। वेद र उपनिषद्बाट निःसृत दर्शनचाहिँ साङ्ख्य, वैशेषिक, योग, न्याय, मीमांसा र वेदान्त हुन्। मीमांसालाई पूर्व र उत्तर दुई खण्ड गरी पूर्वमीमांसालाई मीमांसा र उत्तरमीमांसालाई वेदान्त दर्शन भनिने गरेको पाइन्छ। यी छ वटै दर्शनहरूका अलगअलग सूत्रसङ्ग्रहहरू छन्।

वेद, उपनिषद्पछि वेद र वैदिक दर्शनमै आधारित भएर विभिन्न स्मृतिहरू विकास भए। यसरी वेद, उपनिषद्, दर्शनसूत्रहरू र स्मृति (मनुस्मृति, नारदस्मृति आदि) मा रहेका समग्र सङ्कथनलाई वैदिक वाङ्मय मानिएको पाइन्छ। पुराणहरूमा वेद र उपनिषद्का अनेक पक्षको वर्णन गरिएको पाइन्छ। रामायण र महाभारतहरूचाहिँ वैदिक वाङ्मयनिःसृत काव्यहरू हुन्, जसमा वैदिक वाङ्मयको काव्य वा साहित्यपक्ष टड्कारो छ। वैदिक वाङ्मयमा उपलब्ध सामाजिक प्रतिमानहरू वैदिक दर्शनका मूल स्रोत र उपज पनि हुन् जसमा वैश्विक मानवताका प्रतिमानहरू उत्कीर्ण छन्।

यस अध्ययन आलेखका लागि चाहिँ वैदिक दर्शनसँग सम्बन्धित उल्लिखित स्रोतहरूमध्ये पनि उद्देश्यपरक चयन गरेर वेद, उपनिषद् र दार्शनिक सूत्रहरू (न्यायसूत्र, योगसूत्र आदि) का सीमित सङ्कथनको निदर्शनात्मक अनुशीलनमा सीमित छ। वैदिक दर्शनमा मानव अधिकारका मौलिक बीजतत्त्वको उपस्थिति पर्गेल्ने र ठम्याउने अध्ययनको सम्बन्धित देखिएका विषयवस्तुको मात्र वर्णन र विवेचना गरिएको छ र प्रतिनिधिमूलक मानवताद्योतक प्रतिमानहरूको यहाँ चित्रण गर्ने जमर्को गरिएको छ।

## मानव अधिकार-सादृश्यवत् वैदिक विधान

ऋग्वेदको दसौँ मण्डलको एक सय नब्बेयौँ सूक्तमा मानवउत्पत्तिका बारेमा बताइएको छ। यसअनुसार प्रकाश शक्ति, सत्य र समय (रात, जल, संवत्सर, दिन, निमेष) उत्पन्न भए। अनि सूर्य चन्द्र, द्युलोक, पृथ्वी उत्पन्न भएर र लोक (प्राणी र मानवसमाज) पनि उत्पन्न भयो। यसै मण्डलको एकानब्बेयौँ सूक्तमा : हामी समान भावले विश्वमा गतिशील बनौँ। श्रेष्ठ वाणी बोलौँ। प्राचीन कालमा देवताहरूले कल्याणकारी विचारको उपासन गरेजसरी नै हाम्रा "मनहरूले समान कुराहरू जानून्"[२] (गौतम २०७४, पृ.१४७४) भनिएको छ।

यसै गरी सोही सूक्तमा "*तिमीहरूका मन्त्र, समूह, मन, चित्त यी सबै समान होऊन्*"[३](गौतम, २०७४, पृ. १४७४) भनिएको छ जसको अर्थ सबैका मन वचन र कर्ममा लोकहितको एउटै भाव रहोस् भन्ने हुन्छ। त्यतिमात्र होइन, सो सूक्तको अन्तिम ऋचामा *ऋत्विक्हरू! सहकार्य हुने गरी तिमीहरूका विचार, हृदय र मन पनि समान होऊन्*[४] भनिएको छ। यी ऋचाले स्पष्ट रूपमा मानवजातिको एकता र समानताको अवधारणालाई औँल्याउँदै समानताको सिद्धान्त निर्दिष्ट गरेको स्पष्ट देखिन्छ। ऋग्वेदकै पाँचौँ मण्डलको साठिऔँ सूक्तको पाँचौँ ऋचामा रहने समभातृत्व-भगिनित्वको प्रतिमानपूर्ण मन्त्र छ।

---

[२] संगच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् । देवा भागं यथा पूर्वे संजानाना उपासते ।

[३] समानो मन्त्रः समितिः समानी समान मनः सहचित्तमेषाम्। समानं मन्त्रमभि मन्त्रयेवः समानेन वोहविषा जुहोमि।।

[४] समानी व आकूतिः समाना हृदयानिवः। समानमस्तु वो मनो यथा वः सुसहासति।।

जसमा *दाजुभाइहरूमा जेठा र कान्छा भन्ने कुरा हुँदैन, सौभाग्यका लागि सबै सँगै मिलेर अगाडि बढ्छन्*[५] (गौतम, २०७४, पृ. ६११) भनिएको छ। यसबाट वेदले मानिसहरूलाई तिमीहरूमा उच-नीचको भेदभाव नहोस्, तिमीहरूमा दाजुभाइको माया होस् र तिमीहरू सौभाग्यका लागि मिलेर अगाडि बढ्नू भनेको स्पष्ट हुन्छ। यसअनुसार वेदमा मानव समानताको अवधारणा स्थापित रहेको देखिन्छ।

यजुर्वेदका मन्त्रहरूमा पनि मानवता र न्यायका प्रतिमानहरू व्यक्त भएका पाइन्छन्। यजुर्वेदको तेइसौं अध्यायको उनन्तीसौं मन्त्रमा भनिएको छः "यद्देवासो ललामगुं प्रविष्टीमिनमाविषुः सक्थ्ना देदिश्यते नारी सत्यस्याक्षिभुवो यथा"। लुइटेल र दाहाल (२०७४) ले यस ऋचालाई 'विद्वान्ले न्यायाधीश बनेर कर्महरूको विवेचन गरेमा जङ्घा भागबाट नारीको बोध भएजस्तै प्रत्यक्षबाट सत्यको बोध हुन्छ' (पृ.१९८) भनेर अर्थ्याएका छन्। यस मन्त्रको अर्थ 'महान् कार्य (न्याय) का लागि निष्ठित विद्वान् (न्यायाधीश) विवेचन गरे नारीजस्तै सत्यको आँखा र मुख स्पष्ट देखिन्छिन्' भन्ने पनि आउँछ। यस ऋचामा नारीलाई सत्यका आँखा र मुखको प्रतीक मान्दै नारीहरू सबैका लागि सत्यस्वरूप स्पष्ट र प्रत्यक्ष छन् भन्ने सन्देश दिइएको पाइन्छ। वैदिकहरूले यसमार्फत् नारीको महत्त्व तिनका स्पष्टता र सत्यसँगका सम्बन्ध सुन्दर उपमाको प्रयोग गरी व्यक्त गरेका र यो नारीलाई आदरणीय र सत्यको रूपमा हेर्न प्रेरित गरेका पाइन्छन्।

यजुर्वेदसंहिताको पच्चीसौं अध्यायको सैतिसौं मन्त्रले 'कान्तिमान्, तेजस्वी, परिश्रमी र प्रगतिशील मानिसलाई पथप्रदर्शक (नेता) बनाउन[६]' (लुइटेल र दाहाल, २०७४, पृ. १९९) लोकलाई मार्गदर्शन गरेको छ। यस्तै यजुर्वेद संहिताकै छब्बिसौं अध्यायको दोस्रो मन्त्र (यथेमां वाचं कल्याणी मावदानि जनेभ्यः। ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय च स्वाय चारणाय च।) ले ब्राह्मण, क्षत्रिय, शूद्र, आर्य, स्वजन र परजन सबैलाई कल्याण गर्ने दिव्य वाणीद्वारा समानता र समावेशिताको अवधारणाको बीज उपलब्ध गराएको छ।

यजुर्वेदको छत्तिसौं अध्यायको आठौं र नवौं ऋचामा मैत्रावरुणादि देवताले द्विपदे (दोपाया/मानिस) र चतुष्पदे (चौपाया/जनावर) सबैको कल्याण गरून्[७] (लुइटेल, २०६६, पृ. ३५४) भनिएको छ। सोही अध्यायको सत्रौं ऋचाले मानिसलाई शान्तिको साझा मार्गमा हिँड्न प्रेरित गरेको छ र शान्तिले पनि हामीलाई परम् शान्ति प्रदान गरोस्" (लुइटेल, २०६६, पृ. ३५५) भन्दै सम्पूर्ण ब्रह्माण्डीय

[५] अज्येष्ठासोअकनिष्ठासएतेसंभ्रातरोवावृधुः सौभगाय।

[६] इष्टं वीतभिगूर्त वर्षट्कृतं तं देवासः प्रति गृभ्णन्त्यश्वम्। ।

[७] शं नो अस्तु द्विपदे शं चतुष्पदे॥ शं नो मित्रः शं वरुणः शं नो भवत्वर्यमा शं न इन्द्रो बृहस्पतिः शं नो विष्णुरुरुक्रमः॥

प्राकृतिक शक्तिसँग शान्तिको याचना गरेको छ[८]। सम्पूर्ण प्राणी र जगत्मा सकारात्मक ऊर्जा, सद्भाव र कल्याणको स्थापनाद्वारा मानिसहरूका मनलाई शुद्ध र शान्त हुन/पार्न प्रेरित गरिएको छ। यसमा मानवतायुक्त विश्वशान्तिको उत्कृष्ट दृष्टिकोण अभिव्यक्त छ। यजुर्वेदकै चालिसौं अध्यायको पहिलो र दोस्रो ऋचाद्वारा उपदेश गरिएको छः

> ईश्वर/प्रकृतिप्रदत्त कुरा मिलेर उपभोग गरौं र अर्काको अधिकार हनन् हुने गरी अधिक पदार्थहरू नखोजौं[९]। हामी सबै मानिसहरू यस संसारमा उचित किसिमका कर्महरू अनुशासित रूपमा गर्दै सय वर्षको आयु बाँच्न सकौं भनेको छ। यस ऋचामा हामी मानिसलाई कर्मले लिप्त नबनाओस् र मानिसले स्वतन्त्रताको अनुभूति गर्न सक्नुभन्दा अर्को कुनै पनि कल्याणकारी मार्ग छैन[१०]।

(लुइटेल, २०६६, पृ. ३७१)

अथर्ववेद संहितामा पनि मानव-मर्यादाको प्रसङ्ग छ। यसको पाँचौं काण्डको पहिलो सूक्तमा भनिएको छः *सप्त मर्यादाः कवयस्तत क्षुस्तासामिदेकाभ्यमंहुरो गात्। आयोर्हस्कम्भ उपमस्य नीडे पथां विसर्गे धारुणोषु तस्थौ॥* यसको सामान्य अर्थ हुन्छ :— कवय (ऋषिमुनि) ले सात किसिमका मर्यादा (नियम, सीमा, आचरण निर्धारण गरेका छन् र त्यस्ता मर्यादाको उल्लङ्घन नगर्नेलाई सबै ठाउँमा समान रूपले पाप वा दोष लाग्दैन।यो ब्रह्माण्ड नै तिनै मर्यादाका खम्बाले अडिएको छ। यस ऋचामा सामाजिक सुव्यवस्था र स्थिरताका लागि ज्ञानीहरूले बनाएका सात वटा सीमा वा नियमहरूको पालनाद्वारा दुःख वा पापबाट निवृत्ति लिन उपदेश गर्दै नैतिकता र अनुशासनको महत्त्वमा जोड दिइएको छ। यस्ता सप्तमर्यादाको नाम ऋचामा छैन।लुइटेल र दाहाल (२०७४) ले चाहिँ यसअनुसारका सप्त मर्यादामा चोरी नगर्ने, व्यभिचार नगर्ने, हत्या नगर्ने, गर्भपात नगर्ने, दुर्व्यसन (सुरापान) नगर्ने, दुराचार नगर्ने र पाप भएपछि त्यसबारे असत्य नबोल्ने (पृ. ४७६) कुरालाई यस्ता सात मर्यादा मानेका छन्। यसले न्याय र अपराधबारेको वैदिक अवधारणाको सङ्केत गरेको छ।

---

[८] द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्तिराआपः शान्तिरोषधयः शान्तिः। वनस्पतयः शान्तिर्विश्वे देवाः शान्तिर्ब्रह्म शान्तिः सर्वं शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि॥

[९] ईशावास्यमिदँसर्वंयत्किञ्चजगत्यां जगत्। तेन त्यक्तेन भुञ्जीथा मागृधः कस्यस्विद्धनम्॥

[१०] कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतँ समाः।एवंत्वयिनान्यथेतोऽस्ति न कर्म लिप्यते नरे॥

**उपनिषद्‌मा वैश्विक मानवता-चेतना**

मानवताको विश्वव्यापकता महत् उपनिषद् (महोपनिषद्) को छैटौं अध्यायको एकहत्तरौं श्लोकमा निबद्ध रहेको पाइन्छ। यसमा भनिएको छः

अयं निजः परो वेति गणना लघुचेतसाम्।

उदारचरितानां तु वसुधैव कुटुम्बकम्॥

यसको अर्थ होः यो मेरो हो, त्यो पराइको हो भन्ने विचार सङ्कुचित मन भएका व्यक्तिहरूले गर्छन्। उदार चरित्र भएकाहरूका लागि त यो सम्पूर्ण पृथ्वी नै एउटा परिवार हो। यसमा मानवताको विश्वव्यापकताको महत्त्वपूर्ण पौरस्त्य बीजतत्त्वको रहेको पाइन्छ।

छान्दोग्योनिषद्‌मा कैकेय राज्यको आदर्श अवस्थाको यस्तो वर्णन छः

न मे स्तेनो जनपदे न कदर्यो न मद्यपो नानाहिताग्निर्नाविद्वान्न स्वैरी स्वैरिणी कुतः॥

छान्दोग्योपनिषद् (५.११.५)

यसमा राजा अश्वपति आफ्ना राज्यबारे भन्छन्: मेरा राज्य (जनपद) मा चोर, कन्जुस (कदर्य), दुर्व्यसन/मदिरापान गर्ने (मद्यपः), अग्निहोत्र नगर्ने, अज्ञानी (अविद्वान्), र व्यभिचारी (स्वैरी) जस्ता छैनन्, यसैले यहाँ चरित्रहीन स्त्री (स्वैरिणी) कहाँबाट हुनु? (छान्दोग्योपनिषद्, २०१३, पृ. ५४१) भनिएको छ। यसले वैदिक समाजमा नैतिक र सदाचारका मूल्यमान्यताको उच्च स्थान रहेको, मानव अधिकार र सुशासनका प्रतिमानलाई राज्यले अवलम्बन गर्ने गरेको र अमनचैनद्वारा मानव अधिकारको सम्मान र संरक्षणको महत्त्वलाई दर्साएको छ। कठोपनिषद्‌को प्रारम्भ निम्नानुसार शान्ति पाठ/मन्त्रबाट हुन्छः

ॐ सह नाववतु। सह नौ भुनक्तु। सह वीर्यं करवावहै। तेजस्विनावधीतमस्तु। मा विद्विषावहै।

ॐ शान्तिः ! शान्तिः !! शान्तिः !!!

(कठोपनिषद्, २००८, पृ. ११)

यसमा 'हे परमात्मन्, तिमी हामी दुवै (गुरु र शिष्य) को एकसाथ रक्षा गर। हामी दुवैलाई एकसाथ पालनपोषण गर। हामी दुवैले एकसाथ पराक्रम गरौं (विद्यासम्बन्धी शक्ति प्राप्त गरौं)। हामी दुवैले

अध्ययन गरेको विद्या तेजस्वी होस्। हामी दुवैले कसैप्रति पनि द्वेष नगरौं। ॐ शान्ति, शान्ति, शान्ति (भौतिक, दैविक र आध्यात्मिक तापहरू वा दुःखहरू निवृत्त होऊन्)।

वैदिक वाङ्मयमै अर्को एउटा श्लोक छ - "*सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु कश्चिद् दुःखभागभवेत्*" भन्ने। यसको अर्थ *सबै सुखी रहून्; सबै आरोग्य रहून्; सबैले कल्याणदायी कुरा देखून्; र कसैले पनि दुःखको भागीदार बन्नु नपरोस्* भन्ने हो। आचार्य उवट (एघारौं शताब्दी) का भाष्यको पाण्डुलिपि (इसं १४०७) मा शुक्ल-यजुर्वेदकको वाजसनेयी संहितामा चालिसौं अध्यायका अन्त्यमा "*सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चित्कष्टमाप्नुयात्॥*" भन्ने पाठ-भेदसाथ प्रकाशित भएको थियो भन्ने कुरा सरूप (१९२९, पृ.७२) ले जनाएको कुशाग्र अनिकेत (२०२५) ले जनाएका छन्। थोरै पाठभेदसाथ यो श्लोक गरुडपुराण, प्रेतकल्पको पैंतीसौं अध्यायको एकाउन्नौ श्लोकमा "*सर्वेषां मङ्गलं भूयात् सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्॥*" (लुइटेल र घिमिरे, २०७०, पृ. ८३०) का रूपमा रहेको छ। थोरै पाठभेद भए पनि यी सबैको सार र अर्थ एउटै छ। मानवकल्याण विशेष गरी आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको स्रोतबीजतत्त्वका रूपमा रहेको पाइन्छ।

**षडदर्शनका मानवमैत्री दृष्टिपात**

वैदिक चिन्तनधाराअन्तर्गत साङ्ख्य, न्याय, वैशेषिक, योग, मीमांसा र वेदान्त छ वटै दर्शनका अवधारणा र मान्यतालाई निर्दिष्ट गर्ने भिन्नाभिन्नै सूत्रसङ्ग्रह छन्। ती सूत्रहरूले मानवजीवनको सार्थकता र गरिमाको उद्घोष गर्छन्। यस्ता सार्थकता र गरिमाभित्र न्यायको अवधारणा बडो स्पष्ट रूपले रहेको भेटिन्छ। न्यायका आलोकमा मानव अधिकारसम्बन्धी केही महत्त्वपूर्ण नैतिक तथा दार्शनिक धरातल यी दर्शनहरूले खडा गरेका छन्। यी दर्शनहरूले ठ्याक्कै वर्तमान बुझाइअनुसारको मानव अधिकारको अवधारणा उल्लेख गर्दैनन् तर तिनीहरूमा अन्तर्निहित शिक्षामा न्याय र नैतिक आचरणका प्रमुख सूत्रहरू भेटिन्छन्,जसमा मानव अधिकारका विशिष्ट प्रतिमानका छटाको प्रतिविम्बन मिल्छ ।

***१. न्यायदर्शन***

अक्षपाद गौतमद्वारा निबद्ध न्यायसूत्र र सो सूत्रको वात्स्यायनद्वारा गरिएको भाष्य (न्यायभाष्य) न्यायदर्शनका मुख्य आधार हुन्। न्यायदर्शनलाई तर्कशास्त्र वा आन्वीक्षिकी भनेर पनि चिन्न सकिन्छ। ज्ञानप्राप्तिका माध्यम प्रमाण हुन्। शुद्ध ज्ञान नै न्यायको आधार हो। न्याय शब्दको अर्थ 'नियामन

गर्नु', 'जान्नुपर्ने तत्त्वज्ञान प्राप्त गर्ने साधन' र 'प्रमाणहरूद्वारा विषयको परीक्षण/निरूपण गर्नु' हो (भट्टराई, २०८०, पृ. १५-१६)। न्यायसूत्र र न्यायभाष्यअनुसार न्यायको अर्थ सत्यनिर्णय हो, जुन प्रमाण (प्रत्यक्ष, अनुमान, उपमान, शब्द), तर्क र उचित प्रक्रियाका अवयव (प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन) का माध्यमबाट प्राप्त गरिन्छ। न्यायदर्शनका अनुसार अधिकारको मुख्य आधार सत्य ज्ञान (तत्त्वज्ञान) हो। सत्यतथ्यमा आधारित ज्ञानका बलमा मिथ्याज्ञानबाट मुक्त भई स्वतन्त्रता/अधिकार हासिल गर्नु नै न्यायप्राप्ति हो।

प्रमाण (सत्य ज्ञानका साधन), प्रमेय (जान्नुपर्ने विषय), संशय (सन्देह वा आशङ्का), प्रयोजन (उद्देश्य), दृष्टान्त (उदाहरण), सिद्धान्त (स्थापित मत), अवयव (स्वच्छ प्रक्रियाका अङ्ग), तर्क (प्रमाणअधीनस्थ इष्ट कल्पना), निर्णय (निष्कर्ष), वाद (तथ्यमा आधारित छलफल), जल्प (विजयका लागि वादविवाद), वितण्डा (निरर्थक वकवास र अफबाह), हेत्वाभास (खोटो वा त्रुटिपूर्ण हेतु), छल (छलछाम/कपट), जाति (कुतर्क), र निग्रहस्थान (पराजयको बिन्दु) यी सोह्र पदार्थ (अवधारणाका अर्थ) हरूको तत्त्वज्ञान (यथार्थ ज्ञान) बाट निःश्रेयस[११] (हित/कल्याण) प्राप्त हुन्छ (भट्टराई, २०८०, पृ. ८०)।

वात्स्यायनको न्यायभाष्यले भनेको छः

> *मिथ्याज्ञानबाट अनुकूलमा राग र प्रतिकूलमा द्वेष उत्पन्न हुन्छ। रागद्वेषका प्रभावले ईर्ष्या, माया, लोभ आदि दोष उत्पन्न हुन्छ। दोषबाट प्रेरित भएको शारीरिक प्रवृत्तिले हिंसा, चोरी तथा निषिद्ध आचरण गर्छ, वाणीद्वारा झुटो, कठोर, चुक्ली कुरा र असम्बद्ध कुरा बोलाउँछ। मनद्वारा परद्रोह, अर्काका धनमा लालसा, नास्तिकताजस्ता चिन्तन हुन्छ। यी प्रवृत्ति अधर्मका लागि हुन्छन्। शरीरद्वारा दान, अरूको उद्धार (परित्राण), पूज्यको सेवा; वाणीद्वारा सत्य, हित, प्रिय र स्वाध्याय; मनद्वारा दया, अनिच्छा (अस्पृहा) र श्रद्धा पुण्यमयी वा शुभप्रवृत्ति धर्मका लागि हुन्छ। ... तत्त्वज्ञानद्वारा मिथ्या ज्ञान टाडा भाग्छ ... र मोक्ष मिल्छ* (भट्टराई, २०८०, पृ. ८५)।

न्यायसूत्र र न्यायभाष्यमा प्रत्यक्षतः 'अधिकार' शब्दको प्रयोग नभएको भए पनि सत्य र मोक्ष (अधिकार र स्वतन्त्रता) प्राप्त गर्नका लागि व्यक्तिले पाउनुपर्ने उचित ज्ञान र उचित प्रक्रियाप्रति निष्ठ र प्रतिबद्ध धरातल खडा गरेको छ। यसअनुसार न्यायदर्शनले 'अधिकार' को दार्शनिक आधार खडा

---

[११] प्रमाण-प्रमेय-संशय-प्रयोजन-दृष्टान्त-सिद्धान्त-अवयव-तर्क-निर्णय-वाद-जल्प-वितण्डा-हेत्वाभास-छल-जाति-निग्रहस्थानानां तत्त्वज्ञानान्निःश्रेयसाधिगमः॥ (न्यायसूत्र, १.१.१)

गर्दछ। अतः मोक्ष (अधिकार/स्वतन्त्रता) प्राप्त गर्ने बाटोको सुरुआत मिथ्या ज्ञानलाई हटाउनु हो, जसको अर्थ व्यक्तिले सत्य जान्न पाउनुपर्छ र सत्य जान्ने अधिकार नै सबैभन्दा ठुलो अधिकार हो। यसअनुसार न्यायदर्शनले कुनै पनि विवाद वा शङ्काको अवस्थामा सत्य (तत्त्व) पत्ता लगाउने प्रक्रिया (न्याय) मा भाग लिने र सत्यमा आधारित निष्कर्ष (निर्णय) प्राप्त गर्ने अधिकार मानवमा अन्तर्निहित हुन्छ भन्ने दिशानिर्देश गरेको छ। न्यायदर्शनले यसरी 'न्याय'को अवधारणालाई नै सत्यको अन्वेषण र तार्किक शुद्धतासँग जोडेर मानिसका अधिकारलाई न्यायमै एकाकार गरेर हेरेको छ, जसलाई सारांशमा निम्न अवधारणाहरूलाई 'अधिकार' को दार्शनिक पूर्ववर्ती वा आधारका रूपमा लिन सकिन्छः

क. **सत्य ज्ञान प्राप्त गर्ने अधिकारः** न्याय दर्शनको सम्पूर्ण संरचना नै व्यक्तिलाई **सत्य ज्ञान** प्राप्त गर्ने बाटो देखाउनु हो। अतः यसलाई सबैभन्दा महत्त्वपूर्ण 'अधिकार' का रूपमा लिन सकिन्छ, जसले व्यक्तिलाई भ्रम र दुःखबाट मुक्त हुन सक्षम बनाउँछ।

ख. **तार्किक रूपमा जाँच गर्ने अधिकारः** प्रमाणहरूको उपयोग गरी हरेक कुराको जाँच गर्नुपर्ने कारणले व्यक्तिलाई कुनै पनि कुरालाई अन्धविश्वासको आधारमा स्वीकार नगर्ने, बरु तर्क र प्रमाणका आधारमा प्रश्न गर्ने र जाँच्ने अधिकार प्रदान गर्दछ।

ग. **दुःखबाट निवृत्तिको अधिकारः** अन्तिम लक्ष्य मोक्ष प्राप्त गर्नु भनेको दुःखकष्टबाट छुटकारा पाउनु हो। यसलाई मानव अधिकारको अवधारणाका हिसाबले भोक, रोग, दुःख आदिबाट छुटकारा मुक्तिको आत्मिक स्वतन्त्रता र अधिकारको क्षमताको मूल्य स्थापित हुन्छ।

### *२. योगदर्शन*

योगको शाब्दिक अर्थ जोड्नु भन्ने हुन्छ। मन, शरीर र जगत्बीचको सम्बन्ध जोड्नु योगदर्शनको प्रयोजन हो। योगका चार पाद अर्थात् चार विभाग छन्। समाधि, साधना, विभूति र कैवल्य पादमध्येका प्रथम तीन विभाग मानिसको लौकिक जीवनकै लागि हुन्। समाधि पादले योगलाई चित्त (मन र बुद्धि) का वृत्ति (काम) हरूको नियमन[१२] भन्ने परिभाषा गर्दै चित्तका वृत्तिहरू, अभ्यास र वैराग्य, ईश्वर-प्रणिधान, समाधिका लक्ष्य र प्रकारको वर्णन गर्दछ। साधनाले क्रियायोग (तप, स्वाध्याय, ईश्वर-प्रणिधान), क्लेशहरू (अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश) को विवेचना गर्छ र तिनीहरूको निवारणका लागि अष्टाङ्ग योगमध्येका पाँच बाहिरी माध्यम (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार) को साधना सिफारिस गर्दछ। विभूति पादले अष्टाङ्ग योगका तीन आन्तरिक (मन

[१२] योगश्चित्तवृत्तिनिरोधः। (योगसूत्र १.१)

र बुद्धिका) माध्यम (धारणा, ध्यान, समाधि) को सामूहिक अभ्यासद्वारा हासिल हुने संयम र त्यसबाट प्राप्त हुने विभिन्न सिद्धिको उपदेश गरेको छ।

योगदर्शनले मानसिक स्वस्थ अवस्थालाई मानिसको स्वतन्त्रता र स्वाधीनताको केन्द्र मान्दछ। यस दर्शनले अहिंसा (कुनै प्राणीलाई कष्ट नदिनु), सत्य (सत्य बोल्नु), अस्तेय (चोरी नगर्नु), ब्रह्मचर्य (तृष्णात्याग र इन्द्रियसंयम), र अपरिग्रह[१३] (आवश्यकताभन्दा बढी सङ्ग्रह नगर्नु) जस्ता पाँच सामाजिक आचारहरूलाई यम का नामले चिनाउँछ। यी सामाजिक आचारहरू न्यायपूर्ण समाजका लागि मानवीय आचारसंहिता हुनाले न्याय र मानव अधिकारका प्रत्यक्ष आधार हुन्। यम नामका यी पाँच आचरणको पालनाले समाजलाई अपराधमुक्त अवस्थामा पुऱ्याउँछ। अहिंसाको सिद्धान्त व्यक्तिगत सुरक्षाको अधिकारको द्योतक हो भने यसले समाजमा स्थिर शान्तिसुरक्षाको अधिकार सुनिश्चित गर्छ, किनभने सबै व्यक्ति अहिंस्रक रहेपछि कसैलाई पनि शत्रुता र असुरक्षाको खतरा हुँदैन।

यसरी योगदर्शन आज भनिने गरेको जस्तो 'मानव अधिकार' को अवधारणासँग सिधै सम्बन्धित नभए पनि यसद्वारा प्रक्षेपित मानव जीवनशैली र नैतिक शिक्षाले आधुनिक मानव अधिकारको जग र व्यवहारमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ, जसलाई हामी निम्न बुँदामा बुझ्न सक्छौँ:

क. **अहिंसाको स्थापना (मानवजीवनको अधिकार)**: अष्टाङ्ग योगको पहिलो अङ्ग 'यम' अन्तर्गतको 'अहिंसा' (कसैले कसैलाई पनि मन, वचन र कर्मले कुनै शारीरिक, मानसिक वा भावनात्मक चोट नपुऱ्याउनु) मानवजीवनको सबैभन्दा महत्त्वपूर्ण अधिकार, बाँच्न पाउने अधिकारको मूल आधार हो। अहिंसामा स्थिर व्यक्तिका नजिकमा वैर (शत्रुताको भाव) रहँदैन[१४] जसले व्यक्तिलाई अरूलाई आफूजस्तै ठानेर तिनको अधिकारको सम्मान र रक्षा गर्ने बनाउँछ।

ख. **सत्य र अस्तेय (समानता र सम्पत्तिको अधिकार)**: 'सत्य' (सधैं सत्य बोल्नु) ले समाजमा पारदर्शिता र विश्वास स्थापित गर्छ, जसले निष्पक्षता र समानताको अधिकारलाई बल पुऱ्याउँछ। 'अस्तेय' (चोरी नगर्नु) ले सम्पत्तिको अधिकार र आर्थिक न्यायको सम्मान गर्न सिकाउँछ।

ग. **शारीरिक र मानसिक स्वास्थ्यको अधिकार**: नियम, प्राणायाम र प्रत्याहार (आसन) ले मानिसको शारीरिक स्थिरता, सुगठन र सन्तुलन, श्वासप्रश्वास तथा ऊर्जा व्यवस्थापनका लागि

---

[१३] अहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहा यमाः॥ (योगसूत्र २.३०)

[१४] तत्सन्निधौ वैरत्यागः॥ (योगसूत्र २.३५)

व्यक्तिलाई स्वस्थ जीवन बाँच्न सिकाउँछ। आसनसँगैका ध्यान, धारणा र समाधि (संयम)जस्ता अङ्गले शारीरिक तथा मानसिक स्वास्थ्यको अधिकारको आधार प्रदान गर्दछन्।

घ. **सामाजिक सद्भाव र मर्यादाको अधिकारः** 'नियम' (शौच, सन्तोष, तप, स्वाध्याय, ईश्वर-प्रणिधान) ले व्यक्तिगत अनुशासन, नैतिकता र सन्तोषको विकास गर्छ। नैतिक र सन्तुष्ट व्यक्तिले समाजमा सद्भाव र सहिष्णुता बढाउँछ, जसले सबैको मानवमर्यादा र समानताको अधिकार को संरक्षण गर्नमा मद्दत पुऱ्याउँछ।

यसरी योगदर्शनले व्यक्तिको आत्मशुद्धि र आत्म-नियन्त्रणको मार्ग प्रस्तुत गरेर मानव अधिकारको भावनालाई बल पुऱ्याउँछ। यसले व्यक्तिलाई आफ्ना कर्तव्यहरू (यम, नियम) निर्वाह गर्न प्रेरित गर्छ, जसबाट अरूको अधिकार स्वतः सुरक्षित हुन्छ।

### *३. साङ्ख्यदर्शन*

कपिलमुनिद्वारा प्रतिपादित साङ्ख्यदर्शन गणितीय र वैज्ञानिक अवधारणाको सूत्रपात गर्ने पौरस्त्य दर्शन हो। यसलाई कसैले वैदिक र कसैले अवैदिक दर्शन भन्ने गरेका छन्। पुरुष (अकृत वा चेतन ऊर्जा) प्रकृति र विकृतिबीच सत्व, रज र तमो गुणहरूको सम्बन्ध र सन्तुलनमा प्रकृतिका २४ तत्त्व र पुरुष (चेतना) लाई अलग देखाएर जीवन र जगत्का सत्यहरूलाई अर्थ्याउने यस दर्शनले जीवहरूको लौकिक जीवनको सूक्ष्म व्याख्या गर्दछ। यसमा न्यायभन्दा पनि लौकिक जीवनमै दुःखबाट मुक्त हुने अधिकारलाई महत्त्व दिइएको पाइन्छ।प्रकृतिनि;सृत तीन किसिमका ताप (कष्ट) (आधिभौतिक, आधिदैविक र आध्यात्मिक)बाट छुटकारा पाउने उपायको खोजीद्वारा दुःखको निवारण गर्न यस दर्शनले उपदेश गर्दछ। प्राणीमा दुःखबाट मुक्त हुने चाहना प्राकृतिक हो र त्यसको कारण जान्ने जिज्ञासा[१५] यस दर्शनका हिसाबले मानवजीवन र न्यायका प्रेरक तत्त्व मान्दछ र मानव अधिकार नैसर्गिक र मानवमा अन्तर्निहित हुन्छन् भन्ने अवधारणाको बीजतत्त्व यस दर्शनमा अन्तर्भूत छ।

### *४. मीमांसा*

मीमांसा दर्शनको मुख्य उद्देश्य धर्म (वेदले बताएका कर्तव्य) को व्याख्या गर्नु हो। अनुसन्धान, परीक्षण, विचार, वितर्क, विवेचन आदि अनेक अभिप्राय मीमांसाको शाब्दिक अर्थमा अविरोधपूर्वक एकसाथ निहित छन् (शास्त्री, १९५५, पृ. ७)। प्रमाण तथा तर्क-वितर्कका माध्यमबाट कुनै विषयको मूलतत्त्व वा वास्तविकता पत्ता लगाउनु नै मीमांसा शब्दको शाब्दिक अर्थ वा तात्पर्य हो। मीमांसा

[१५] दुःखत्रयाभिघाताज्जिज्ञासा तदपघातके हेतौ॥ (साङ्ख्यकारिका १.१)

दर्शन (पूर्वमीमांसा) ले अन्य कुराका अतिरिक्त 'अधिकरण' नामक तार्किक निर्णय प्रक्रियाद्वारा विषय विवेचन गर्दछ। अधिकरण न्यायसम्बन्धी स्वतन्त्र दृष्टिकोणधारक विचारपद्धति हो। यसले कुनै पनि विषयको निर्णय जबरजस्ती वा अन्धविश्वासद्वारा लिन निषेध गर्छ र निर्णय गराइ परीक्षण (जाँच) र तार्किक युक्तिमा आधारित भएर गर्न दिग्दर्शन गर्छ। यसअनुसार कुनै पनि विषयको निरूपण, परीक्षण र यथार्थ ज्ञान प्राप्त गर्नका लागि प्रक्रिया गर्ने संयन्त्रको नाम अधिकरण हो। अधिकरण अदालत (न्यायाधीशको इजलास) कै ढाँचाको प्रकार्यात्मक संयन्त्र हो।

कुनै विषयमा उत्पन्न सन्देहमा पूर्वपक्ष (वादी/दाबीकर्ता) र उत्तरपक्ष (प्रतिवादी/प्रत्यर्थी) ले आआफ्ना प्रमाणयुक्तिद्वारा आफ्ना दाबी/जिकिर सिद्ध गर्ने प्रयास गर्छन्। वादीद्वारा प्रतिपादन गरिएका प्रमाण र तर्कहरू र प्रत्यर्थीद्वारा गरिएका खण्डन (प्रतिषेध) को लेखाजोखा/निरूपणसिद्ध अन्तिम परिणाम निर्णय (ठहर) हुन्छ। यसअनुसार प्रत्येक अधिकरण एक न्यायालय हो जुन निम्न पाँच अङ्गहरूले परिपूर्ण हुन्छः १. विषयः जसका बारेमा विचार गरिँदैछ; २. संशयः सो विषयका सम्बन्धमा रहेको सन्देह वा द्विविधा; ३. पूर्व-पक्षः सन्देह निवारणका लागि प्रस्तुत गरिने प्रस्तावक मत; ४. उत्तर-पक्ष पूर्वपक्षको खण्डन गर्दै स्थापित गरिने अन्तिम र सिद्धान्त मत; र ५. निर्णयः निर्णय वा सिद्धान्त स्थापना/ठहर[१६]। यसरी विषय, विशय (संशय), पूर्वपक्ष, उत्तरपक्ष र निर्णय'यी पाँच अङ्गहरूलाई शास्त्रको अधिकरण (निर्णय प्रक्रिया) भनेर जनाइएको पाइन्छ।

कुनै पनि निश्चित परिणाममा पुग्नुभन्दा पहिले प्रस्तावित विचार (वाद) विपरीत हुन सक्ने सम्भावित आरोप वा दाबीको विवरण पहिले प्रस्तुत गरिने हुनाले यसलाई सार्थक नाम 'पूर्वपक्ष' दिइएको पाइन्छ। पूर्वपक्षद्वारा प्रस्तावित सम्पूर्ण आपत्तिहरूको निराकरण (समाधान) गर्ने र सन्देहयुक्त प्रश्नहरूको उत्तर दिने कार्य वहन गर्ने भएकै कारण विचारको दोस्रो शृङ्खलालाई 'उत्तर-पक्ष' भनिएको हो। दही मथेर निस्कने नौनीजस्तै दुवै पक्षको गहन विमर्श (मन्थन) बाट निस्कने निचोड निख्खर हुन्छ (शास्त्री, १९५५, पृ.२८)। अतः मीमांसादर्शनले धर्माचरण र सामाजिक नियमहरूको पालनालाई नै न्यायको आधार मान्छ। सबैलाई समान रूपले वेदको आज्ञा (चोदना) र सामाजिक नियम पालना गर्ने मानिसलाई त्यसो गर्ने कर्तव्य र तदनुरूप कल्याण प्राप्त गर्ने[१७] अधिकार हुन्छ भन्ने मान्छ। यसका अतिरिक्त मीमांसादर्शनले अधिकरणका नियामक प्रतिमान स्थापित गरी न्यायिक निष्पक्षता, स्वतन्त्रता र निर्भीकताको बीजतत्त्व प्रदान गरेको पाइन्छ।

---

[१६] विषयो विशयश्चैव पूर्वपक्षस्तथोत्तरः। प्रयोजनं च पञ्चाङ्गं शास्त्रेऽधिकरणं विदुः॥

[१७] चोदनालक्षणोऽर्थो धर्मः॥ (मीमांसासूत्र १.१.२)

मीमांसा दर्शनको उल्लिखित अधिकरण र न्यायनिरूपणसम्बन्धी प्रतिमान छ, जसलाई आजका फौजदारी र देवानी न्याय प्रणालीको मूलभूत धरातलकै रूपमा रहेको देख्न सकिन्छ। स्वतन्त्र न्यायपालिकासम्बन्धी आजको वैश्विक मान्यता र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी धारा १४ मा भएका न्यायाधिकरण र पक्षका अधिकारहरूको संरक्षणको अवधारणाको बीजस्रोत मीमांसा दर्शनका उपदेशसँग ठ्याम्मै मेल खान्छ।

### *५. वैशेषिक दर्शन*

महर्षि कणादद्वारा प्रतिपादित वैशेषिक दर्शनले सम्पूर्ण जगत्लाई भौतिक विज्ञानका धरातलमा उभिएर विश्लेषण गरी मोक्ष प्राप्तिको मार्ग सुझाउँछ। धर्मानुष्ठानबाट उत्पन्न भएको द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय पदार्थहरूको समानता र भिन्नताको तत्त्वज्ञानबाट मोक्ष (निःश्रेयस)[१८] प्राप्त हुन्छ भन्ने मानक यसले स्थापित गरेको छ।

यो दर्शन मुख्यतः यथार्थवादी सत्तामीमांसा (रियालिस्ट ओन्टोलजी) र परमाणुवादमा आधारित छ र यसले अधिकारभन्दा ज्ञानविज्ञानको पाटोमा मानिसलाई समृद्ध बन्न सघाउँछ। यसो भए पनि यसका केही सूत्र र अन्तर्निहित शिक्षा मानव अधिकारको अवधारणाका लागि प्रेरक छन् । यसका नैतिक र अस्तित्वसम्बन्धी अवधारणाहरूले मानवको स्वतन्त्रता, मर्यादा र कल्याणलाई अप्रत्यक्ष रूपमा समर्थन गर्दछन्, जसलाई यसरी हेर्न सकिन्छः

क. **प्राकृतिक नियमसँग धर्मको समीकरण र नैतिक आचरण (कर्तव्य र मर्यादाको अधिकार):** वैशेषिक दर्शनले धर्मलाई भौतिक/सांसारिक उद्विकास (अभ्युदय) र परम कल्याण वा मुक्ति (निःश्रेयस) सिद्धिकारक प्रक्रिया (गुणविशेष)[१९] का रूपमा परिभाषित गर्दछ। यसअनुसार धर्मले मानिसको सांसारिक कल्याणलाई महत्त्व दिने देखाउँछ। यस्तो कल्याणमा नै प्रत्येक व्यक्तिको स्वतन्त्रतापूर्वक उन्नति गर्ने र सुरक्षित जीवन जिउने अधिकारको बीजतत्त्व अन्तर्भूत छ।

ख. **आत्माको अनन्ततामा व्यक्तिगत मर्यादा र समानताः** यस दर्शनले आत्मा (सेल्फ/सउल) लाई द्रव्य (सब्स्टान्स) मध्ये एक मानेको छ र प्रत्येक व्यक्तिको आत्मालाई नित्य र एक-अर्काबाट पृथक (विभिन्न) मान्दछ। प्रत्येक व्यक्ति (आत्मा) को विशिष्टता र पहिचानलाई स्वीकार गर्नु (विशेष/पार्टिकुलारिटीको अवधारणाबाट) नै व्यक्तिगत मर्यादाको अधिकारको आधारबीज हो। यसले कसैलाई पनि अर्को व्यक्तिको अस्तित्वलाई अस्वीकार गर्ने वा दबाउने अधिकार हुन

[१८] धर्म्मविशेषप्रसूताद् द्रव्यगुणकर्मसामान्यविशेषसमवायानां पदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्त्वज्ञानान्निःश्रेयसम्॥ (वैशेषिकसूत्र १.१.४)

[१९] यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः॥ (वै.सू. १.१.२)

नसक्ने सङ्केत गर्छ। सबै जीवात्माहरू मूलभूत रूपमा द्रव्य हुन् र दुःख निवारण गरी मोक्ष प्राप्त गर्न सक्षम छन्। यस अवधारणाले सबै मानवहरू समान नैतिक मूल्य र क्षमताका साथ जन्मेका छन् भन्ने समानताको अधिकारलाई बल पुऱ्याउँछ।

ग. **ज्ञान र विमुक्ति (शिक्षा र आत्म-निर्णयको अधिकार)**: यस दर्शनको मुख्य उद्देश्य दुःखको आत्यन्तिक निवृत्ति प्राप्त गर्नु हो, जुन पदार्थहरूको यथार्थ ज्ञानबाट सम्भव हुन्छ। अतः यसले ज्ञान प्राप्तिलाई सर्वोच्च लक्ष्यमा पुग्ने अनिवार्य साधन मान्दछ। ज्ञानको खोजीले मानिसलाई आफ्नो निर्णय आफैं गर्न सक्षम बनाउँछ। यस हिसाबले यस दर्शनले सबैका लागि ज्ञान प्राप्त गर्ने अधिकार (शिक्षाको अधिकार) र आत्म-निर्णयको अधिकारलाई प्रोत्साहित गर्दछ। वैशेषिक दर्शनले कर्मको फल निश्चित हुने सिद्धान्तलाई स्वीकार गर्दछ। यसले प्रत्येक व्यक्ति आफ्नो कर्मको फल पाउन योग्य छ भन्ने मान्यता स्थापित गर्दछ, जुन न्याय प्राप्त गर्ने अधिकार र जवाफदेहिताको अवधारणासँग मेल खान्छ।

वैशेषिक दर्शन ज्ञान, नैतिक आचरण र आत्म-अस्तित्वको महत्त्वमा केन्द्रित छ। यसले आधार लिएको 'धर्म' को व्यापक परिभाषा, प्रत्येक आत्माको पृथक र नित्य अस्तित्वको स्वीकारोक्ति तथा ज्ञानमाथिको जोडले मानवको भौतिक उन्नति, व्यक्तिगत स्वतन्त्रता, मर्यादा र न्यायपूर्ण जीवनका लागि आवश्यक वैचारिक बीज प्रदान गर्दछ।

### *६. वेदान्त दर्शन*

वेदान्त दर्शनले ब्रह्म (परम् सत्य) र आत्मा (व्यक्तिगत चेतना) को एकतामा जोड दिन्छ। यसले मानवमात्रका समानता, मर्यादा र न्यायको दार्शनिक बीज उपलब्ध गराउँछ। यस दर्शनले 'अहं ब्रह्मास्मि' (म ब्रह्म हुँ) र 'तत् त्वम् असि' (तँ त्यो ब्रह्म होस्) भन्ने उपनिषदीय दार्शनिक मान्यता राख्दै सबै जीवहरूमा एउटै अविनाशी चेतना (आत्मा) को वास रहेको मान्दछ र 'सर्वभूत-समत्व' (सबै प्राणीहरूलाई समान दृष्टिले हेर्ने) दार्शनिक प्रतिमान र समानताको अधिकारबीच सम्बन्ध र समीकरण दर्साउँछ । अतः वेदान्ती 'सर्वभूत-समत्व'को अवधारणाले मानव अधिकारको समानताको अधिकारलाई सैद्धान्तिक आधार प्रदान गर्दछ। जब कुनै व्यक्तिमा र आफूमा एउटै आत्मा छ भन्ने बोध हुन्छ, तब जातीयता, लिङ्ग, वर्ग वा राष्ट्रको आधारमा भेदभाव गर्ने औचित्य समाप्त हुन्छ। यसले अरूलाई आफूलाई झैं समान व्यवहार गर्नु नै मानव मर्यादाको अधिकारको सार प्रदान गर्दछ।

यसरी वैदिक षड्दर्शन सबैको अन्तिम लक्ष्य अविद्या (अज्ञान) को निवृत्ति गरी विद्या (ज्ञान) प्राप्त गर्दै सत्य र यथार्थको बोधसाथ मानिसलाई लौकिक तथा पारमार्थिक मुक्ति (मोक्ष) र पूर्णताको मार्गमा डोऱ्याउन प्रेरित गर्ने रहेको स्पष्ट हुन्छ। वैदिक दर्शनले मानव अधिकारका कानुनी प्रतिमान निर्देश नगरे पनि मानव अधिकारका नैतिक, आध्यात्मिक र दार्शनिक जग र बीजतत्त्व प्रदान गरेको पाइन्छ। वेद, उपनिषद् र षड्दर्शनका सूत्रहरूकै आधारमा उत्तरवैदिक कालमा विभिन्न स्मृतिहरूमार्फत् मानवजातिका सार्वभौम आचारणहरू सिफारिस भएका छन्। जसअनुसार व्यक्ति र राज्याधिकारीहरूका कर्तव्य र अधिकारनिर्देशक प्रतिमानहरू अभ्यास हुँदै आएका पाइन्छन्। जहाँ आधुनिक मानव अधिकारले राज्यलाई नागरिकको अधिकारको रक्षा गर्न आदेश दिन्छ, वेदान्तले प्रत्येक व्यक्तिलाई आफ्नै आन्तरिक बोधद्वारा अरूको अधिकारको सम्मान गर्न प्रेरित गर्छ। यसरी वेदान्तले मानव अधिकारलाई बाह्य कानुनको सट्टा आन्तरिक चेतना र आध्यात्मिक एकताको आधारमा स्थापित गर्ने मार्ग देखाउँछ।

**थप केही मानव अधिकारमैत्री तत्त्व**

अनेक पुराण तथा नारदस्मृति, मनुस्मृति र याज्ञवल्क्यस्मृति आदि सामाजिक आचरणको नियामक विधानका हैसियतका ग्रन्थहरू साथै रामायण र महाभारतजस्ता संस्कृत ग्रन्थहरूमा पनि मानवमैत्री चेतनाका सङ्कथनहरू पाइन्छन्। तिनले मानव अधिकारको अवधारणालाई प्रत्यक्ष रूपमा परिभाषित नगरे पनि मानवको मर्यादा, न्याय र कल्याणसँग सम्बन्धित महत्त्वपूर्ण वैचारिक बीजहरू उपलब्ध गराउँदै तत्कालीन समाजमा धर्म (कर्तव्य) र न्याय (विवाद समाधान) मार्फत् सामाजिक व्यवस्था कायम गर्ने कुरामा भूमिका खेलेको पाइन्छ।

उदाहरणका लागि, याज्ञवल्क्यस्मृति र नारदस्मृतिजस्ता स्मृतिहरूले राजा (राज्य) को प्रमुख कर्तव्य न्याय प्रदान गर्नु हो र न्यायको सुनिश्चितताका लागि प्रमाण (साक्षी, कागजपत्र आदि) को आधारमा मुद्दाको फैसला गर्नुपर्ने नियमहरू तोकेका छन् । यसले व्यक्तिको न्याय प्राप्त गर्ने अधिकार र राजासमेत विधानका अधीनमा रहनुपर्ने कानुनको शासनको प्रारम्भिक अवधारणाको स्पष्ट झल्को दिन्छ। नारदस्मृतिले मुद्दा (व्यवहार) का प्रकृति र प्रकार, मुद्दाको कारबाई प्रक्रिया, प्रमाणको वर्गीकरण र न्यायिक निर्णयका नियमहरू विस्तारमा वर्णन गरेको छ। यसलाई निष्पक्ष सुनुवाइको अधिकार र उचित न्यायिक प्रक्रियाको पृष्ठाधार स्रोतका रूपमा लिन सकिन्छ।

यस्ता स्मृतिहरूले धन, सम्पत्ति र ऋणसम्बन्धी विवादको विस्तृत व्याख्या गरी कमजोर पक्षको संरक्षणको प्रयास गरेका छन्। नारदस्मृतिले श्रमिकको ज्याला (वेतन) सम्बन्धी नियमहरू तय गरेको

छ, जसमा कामको उचित पारिश्रमिक तोक्नुपर्ने व्यवस्था छ। यसले श्रमको मर्यादा र शोषणबाट मुक्त हुने आर्थिक अधिकारको महत्त्वलाई सङ्केत गर्दछ। नारदस्मृतिमा दासत्त्वबाट मुक्त हुने उपायहरू समेत उल्लेख छन्। याज्ञवल्क्यस्मृतिमा महिलाको 'स्त्रीधन' (विवाहको समयमा वा अन्य बेला प्राप्त सम्पत्ति) सम्बन्धी नियमहरू छन्, जसबाट महिलालाई आफ्नो सम्पत्तिको पूर्ण अधिकार हुने व्यवस्थाले महिलाको सम्पत्तिको अधिकार र आर्थिक स्वतन्त्रतालाई प्राचीन समाजमा पनि स्वीकार गरिएको देखाउँछ। संस्कृत वाङ्मयमा

स्वस्ति प्रजाभ्यः परिपालयन्तां न्याय्येनमार्गेण महीं महीशाः।

गो ब्राह्मणेभ्यः शुभमस्तु नित्यं लोकाः समस्ताः सुखिनो भवन्तु॥

यस्ता श्लोकहरू श्रुतिस्मृतिकै रूपमा माङ्गालिक सूक्तिका रूपमा प्रचलित रहँदै आएका छन्। 'सम्पूर्ण प्रजाहरूको कल्याण होस्, र शासकहरूले उनीहरूको राम्ररी पालनपोषण गरून्। पृथ्वीका शासकहरूले (राजा वा नेताहरूले) न्यायको मार्गअनुसार पृथ्वीको रक्षा गरून्। पृथ्वी (पशुधन, प्रकृति) र विद्वानहरू (ज्ञानका स्रोत) लाई सधैं शुभ होस्। सम्पूर्ण लोक (सारा संसारका प्राणीहरू) सुखी होऊन्' भन्ने लोकमङ्गल र सुखशान्तिका शुभेच्छा प्रकट गर्ने यस्ता सङ्कथनले विश्वकल्याण र न्यायपूर्ण शासनको अवधारणाको प्रतिनिधित्व गर्छन्।

| क्र.सं. | विश्वव्यापी घोषणापत्रमा प्रावधान | वैदिक दार्शनिक प्रतिमान | विवेचनात्मक टिप्पणी |
|---|---|---|---|
| १. | **समानता र स्वतन्त्रता** (धारा १: सबै मानिस जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान छन्।) | उद्धृत वैदिक ऋचासहित वसुधैव कुटुम्बकम् (सम्पूर्ण संसार एक परिवार हो) र आत्मवत् सर्वभूतेषु (सबै प्राणीलाई आफ्नै सरह मान्नु) | यो प्रतिमानले कृत्रिम भेदभावलाई अस्वीकार गर्दै मानवजातिको एकतामा विश्वास गर्छ। 'आत्मवत्' को भावनाले सबैको अन्तर्निहित मूल्य र मर्यादा (गरिमा) को रक्षा गर्ने जिम्मेवारी निर्धारण गर्छ। |
| २. | **जीवनको अधिकार** (धारा ३: प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र व्यक्तिको सुरक्षाको अधिकार छ। धारा ५: यातना र क्रूरताविरुद्धको संरक्षण) | अहिंसा (मन, वचन र कर्मले कसैलाई पनि कष्ट नदिने) र प्राण रक्षा (जीवनको रक्षा) को सर्वोपरिता | अहिंसाको सिद्धान्तले जीवनको परम् मूल्य स्थापित गर्छ। यसले जीवनको अधिकारलाई आधारभूत मूल्यको रूपमा स्वीकार्दै कसैप्रति हिंसा/हानि नगर्न ('मा हिंस्यात् सर्वभूतानि' कुनै पनि प्राणीलाई हानि नगर) निर्दिष्ट गर्छ। |
| ३. | **कानुनसामुन्ने समानता** (धारा ७: हरेक व्यक्ति कानुनसामुन्ने समान छन् र निर्विभेद समान कानुनी संरक्षणका हकदार छन्।) | धर्म (न्याय, सदाचार र नैतिक व्यवस्थाको सिद्धान्त) र राज्यको कर्तव्य) | धर्मले समाजमा न्याय र नैतिक व्यवस्था कायम गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ। राजा वा शासकले नागरिकहरूलाई भेदभाव नगरी न्याय र सुरक्षा प्रदान गर्न अनिवार्य गर्छ। |
| ४. | **मर्यादा र व्यक्तित्वको विकास** (धारा २२, २६: शिक्षा, सामाजिक सुरक्षा, सांस्कृतिक जीवनमा सहभागिताको अधिकार।) | पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) र स्वकर्म (आफ्नो क्षमता अनुरूपको कार्य) | मानवजीवनका चार लक्ष्यहरू (कर्तव्य/नैतिकता, सम्पत्ति, इच्छा/सन्तुष्टि र मुक्ति/आत्मज्ञान) ले सर्वाङ्गीण (भौतिक र आध्यात्मिक) विकासको अधिकार र स्वक्षमताको पूर्ण उपयोग गर्ने स्वतन्त्रताको प्रतिमान सङ्केत गर्छ। |

## वैदिक दर्शनका प्रतिमान र मानव अधिकारको वैश्विक प्रतिमानको समीक्षा

माथि प्रस्तुत भएका वैदिक दर्शनसँग सम्बन्धित सङ्कथनहरूलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका मानव अधिकार प्रतिमान वा प्रावधानसँग तुलना गरेर हेर्ने हो भने तिनीहरू एकआपसमा अत्यन्तै सम्बन्धित रहेको स्पष्ट हुन आउँछ। जसलाई निम्नानुसार समीक्षा गर्न सकिन्छः

| क्र.सं. | विश्वव्यापी घोषणापत्रमा प्रावधान | वैदिक दार्शनिक प्रतिमान | विवेचनात्मक टिप्पणी |
|---|---|---|---|
| ५. | **सामाजिक सुरक्षा र पर्याप्त जीवनस्तर** (धारा २५: पर्याप्त जीवनस्तर, स्वास्थ्य र कल्याणको अधिकार।) | योगक्षेम (अप्राप्त वस्तुको प्राप्ति र प्राप्त वस्तुको संरक्षण) र **यज्ञ/दान** (सामाजिक उत्तरदायित्व) | 'योगक्षेम' ले नागरिकहरूलाई आवश्यक भौतिक सुरक्षा र कल्याण प्रदान गर्ने राज्यको कर्तव्यलाई जनाउँछ। 'यज्ञ' र 'दान' जस्ता अवधारणाले भौतिक-सामाजिक स्रोतसाधनको न्यायोचित वितरण र अभावमा रहेकालाई सहयोग गर्ने सामाजिक उत्तरदायित्वलाई बढावा दिन्छ। |

## निष्कर्ष

वैदिक दर्शनमा मानव अधिकारको अवधारणा आजको जस्तो 'अधिकार केन्द्रित' नपाइए पनि 'कर्तव्य (धर्म) केन्द्रित' रहेको पाइन्छ। यसो भए पनि वैश्विक मानवताको सर्वोपरितालाई भने वेद, उपनिषद् र षड्दर्शनका सूत्रहरूका पाठले स्पष्टतः निर्दिष्ट गरेकाले वैदिक दर्शनमा आज परिभाषित विश्वव्यापी, अन्तर्निर्भर र अविभाज्य मानव अधिकारका बीजतत्त्वहरू स्पष्टै रूपमा रहिआएका पाइन्छन्।

वैदिक दर्शनले विशेषतः मानवपरिवारका सदस्यहरूको नैसर्गिक समानतालाई सबै प्राणीलाई एकै 'आत्मा' को अंशका अर्थमा समान र गरिमामय रूपमा स्वीकार गरेको देखिन्छ। मानवजीवनको परम् मूल्यलाई 'अहिंसा' प्रतिमानद्वारा जीवनको सुरक्षा र सम्मान गर्ने कर्तव्य स्थापित गरेको पाइन्छ।

'वसुधैव कुटुम्बकम्' विश्वबन्धुत्व र भगिनीत्वको भावना र 'योगक्षेम'द्वारा व्यक्तिले आफ्नो मात्र होइन, सम्पूर्ण समाजको कल्याणका लागि काम गर्नुपर्ने र राज्यले नागरिकहरूको कल्याण सुनिश्चित गर्नुपर्ने नैतिक बन्धन पनि वैदिक दर्शनले स्थापित गरेको पाइन्छ। वैदिक दर्शनमा धर्मको अवधारणा विश्वास प्रणालीभन्दा व्यापक छ र यसले न्याय र सदाचारको बृहत्तर दायरा समेट्छ, जसले शासक र शासित दुवैलाई नैतिक आचारसंहितामा बाँधी सबैका लागि न्याय र कानुनी संरक्षणको सुनिश्चितता अपरिहार्य मानेको पाइन्छ। यसरी वैदिक प्रतिमानहरूले मानव अधिकारका आधारशिला अर्थात् गरिमा, स्वतन्त्रता, समानता र सामाजिक न्यायका लागि बलियो नैतिक र दार्शनिक आधार प्रदान गरेका छन् भन्ने कुरा स्पष्ट हुन आउँछ। यस कारण आजको विश्वव्यापी मानव अधिकारको अवधारणाको वैचारिक र दार्शनिक रूप र आधार पाश्चात्य सभ्यता, संस्कृति र दर्शनमा सीमित नभई वैदिक दर्शनमा सन्निहित रहेको पाइन्छ। निष्कर्षतः वेद र वैदिक दर्शनलाई मानव अधिकारको अवधारणाका बीजतत्त्वका स्रोत मान्नुपर्ने तथ्य स्पष्ट हुन आउँछ।

## सन्दर्भ-सामग्री


अजर (वि.सं. २०६५). *फौजदारी न्यायसम्बन्धी मानव अधिकारको मापदण्ड.* काठमाडौंः न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपाल।

अनिकेत, कुशाग्र (सन् २०२५). "*सर्वे भवन्तु सुखिनः*" https://x.com/KushagraAniket/status/1852698915457401005;

एसियन एकेडेमी (सन् २०१९). *Emerging Issues in Federalized Nepal. Research Report.* Kathmandu: Asian Academy for Peace Research and Development.

ओएचसीएचआर (सन् २०२५). *के हुन् मानव अधिकार?* https://www.ohchr.org/en/what-are-human-rights.

कठोपनिषद् (सन् २००८). *कठोपनिषद्* (सानुवाद शाङ्करभाष्यसहित हिन्दीमा). षष्ठ संस्करण. गोरखपुरः घनश्यामदास जालान।

गौतम, प्रसन्नचन्द्र (सम्पा.). (वि.सं. २०७४). *ऋग्वेद संहिता नेपालीमा अर्थ र आशयसहित.* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार र कुलचन्द्र गौतम स्मृति संस्था ।

छान्दोग्योपनिषद् (सन् २०१३). *छान्दोग्योपनिषद्* (सानुवाद शाङ्करभाष्यसहित हिन्दीमा). तृतीय संस्करण; गोरखपुरः घनश्यामदास जालान ।

ढुङ्गाना, नीलमणि (सम्पा.). (वि.सं. २०७८). *व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश.* ललितपुरः साझा प्रकाशन।

भट्टराई, रवीन्द्र (वि.सं. २०८०). *न्याय अवधारणा एक परिप्रेक्ष्य अनेक न्यायसूत्र र न्यायभाष्यको उल्था र भावानुवादसहित.* काठमाडौंः पैरवी बुक हाउस प्रा.लि.।

मार्क्सिस्ट (सन् २०२५). *Jean Jacques Rousseau (1754) On the Origin of the Inequality of Mankind The Second Part.* https://www.marxists.org/reference/subject/economics/rousseau/inequality/ch02.htm.

लुइटेल, तिलकप्रसाद (वि.सं. २०६६). *यजुर्वेद* (नेपालीमा अनु.). काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

लुइटेल, तिलकप्रसाद र घिमिरे, डमरुप्रसाद उपाध्याय (सम्पा.). (वि.सं. २०७०). *गरुडपुराणम्* (नेपाली भाषानुवाद). काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

लुइटेल, तिलकप्रसाद र दाहाल, रोशन (वि.सं. २०७४). *चार वेदको सार*. काठमाडौंः मञ्जरी पब्लिकेशन ।

Weston, Buns H. (2025). *Human rights*. https://www.britannica.com/topic/human-rights

शास्त्री, मंडन मिश्र (सन् १९५५). *मीमांसा-दर्शन (महर्षि जैमिनि-प्रवर्तित विचारशास्त्र का समालोचनात्मक अध्ययन)*. जयपुर (राजस्थान): रमेश बुक डिपो।

Sarup, L.(1929). *Indices and Appendices to the Nirukta with an Introduction.* Lahore: The University of the Panjab.

सिओइ (२०२५). *मानव अधिकारका बारेमा प्रश्नोत्तर.* https://www.coe.int/en/web/compass/questions-and-answers-about-human-rights.

Sutto, M. (2019). "Human Rights evolution, a brief history". *The CoESPU MAGAZINE, nr. 3*, DOI. 10.32048/Coespumagazine3.19.3